पृष्ठभूमि :

मानव स्वास्थ्य संग प्रत्यक्ष सरोकार राख्ने पोषणको वारेमा समुदायलाई  शसक्तिकरण गरेर अगाडी वडनु पर्ने यस परिस्थीतीमा हामी पोषण क्षेत्रमा क्रियाशिल सरोकारवाला हरुको महत्व पूर्ण योगदान रहने विषय वस्तु लाई शिरोधार गदै यस नगर ले पोषण क्षेत्रलाई प्रमुख चुनौतीको रुपमा अगाडी सारेर यस विषय वस्तुलाई जनसरोकारको विषय वस्तु वनाउनुको साथै सवल र सक्षम नगर वनाउन स्वास्थ्य क्षेत्रको  योगदानको उच्च कदर गदै जसलाई सम्रिद्धिको वाटोमा लैजानको लागी पोषणमा सुधार ल्याउनु पर्ने महशुस भएर वर्तमा अवस्थामा देखिएको पोषणको अवस्था वारे सम्पूर्ण सरोकार वाला निकाय एवं सचेत नागरि सम्म पोषणको वारेमा विस्तुत जानकारी दिनु अति नै समय सापेक्षी भएकाले छायाँनाथ रारा नगरपालीका मुगु ले सवै सरोकारवाला निकायहरुको सहयोग तथा सल्लाहमा यो नगर स्थित पोषण सम्बन्धि तथ्याङ्क तथा कार्यक्रमहरूको विवरण सहितको यो पार्श्वचित्रतयार गरेरनगरपालिका, नगरपालिका भित्रका वडाहरू र विभिन्न विषायगत समितिहरू तथा अन्य संघ सस्थाहरूल यसै लाई आधार मानेर आगमी दिनहरुमा पोषणका गतिविधिहरु संचालन तथा मार्ग निर्देशनको रुपमा प्रयोग गर्नेछन्  जसले समुदाय स्तरमा रहेको कुपोषणको  अवस्थामा न्यूनिकरण गर्न तथा पोषण संग सम्वन्धित गतिविधी संचालनमा टेवा पुग्ने भएकाले यो पार्श्वचित्र तयार पारिएको छ ।


## परिचय

नेपाल राज्यको हाल कर्णाली प्रदेशमा पर्ने मुगु जिल्ला अन्तर्गत साविक श्रीनगर,कार्कीवाडा, रोवा, रुगा र पिना गाँउविकास समितिहरु गाभिएर हालको छाँयानाथ रारा नगरपालिका बनेको हो । धार्मिक मान्यता अनुसार महत्वपूर्ण धामहरु केदारनाथ, बद्रीनाथ, मुक्तिनाथ, पशुपतिनाथ मध्येको छायाँनाथ पनि एउटा प्रशिद्द धाम हो । छायाँनाथ ठाकुर ज्यूको नित्य पुजाको लागि हालको छायाँनाथ रारा न.पा. १ चैन गाँऊमा गाथ रहेको छ । नेपालकै सबै भन्दा ठुलो ताल यसै नगरपालिकामा रहेकोले छायाँनाथ मन्दिर र रारा तालको नाम बाट नेपालमा नयाँ संघिय संरचना लागु हुदा २०७३ सालमा यस नगरपालिकाको नाम छायाँनाथ रारा नगरपालिका नामाकरण गरिएको हो । यस नगरपालिकामा १४ वटा वडाहरु रहेका छन् ।

नेपालमा पहिलो पटक संम्विधान सभा बाट नेपालको संम्विधान निर्माण भई जारि भएको छ । यसले देशलाई एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघिय लोकतन्त्रिक गणतान्त्रिक मुलुकका रुपमा रुपान्तरित गरेको छ। २०६८ सालको जनगणना  अनुसार यस नगरपालिकाको कूल जनसंख्या २००७८ र कूल घरधुरि संख्या २८९४ रहेको छ। जग्गाको क्षेत्रफल ४८०६९ हेक्टर र खेतियोग्य जमिन ४४०३ हेक्टर रहेको छ। कृर्षीको लागि माटो राम्रो भएपनि भिरालो जग्गा, प्लट नमिलेको र परम्परागत कृर्षि प्रणालि, सिचाईको असुविधाका कारणले कृर्षकको जीवनस्तरमा परिवर्तन आउनसकेको छैन । केही कृर्षकहरुले भने यस नगर भित्र बाह्रै महिना सागपातमा आत्मा निर्भर रहेका छन् । केही कृषकहरुले व्यवसायिक कृषि गरेर केहीमात्रमा गमगढी बजारमा आवस्यक तरकारी तथा सागपातहरु उपलब्ध गउराउँदै आएका छन् ।

## नगरपालिकाको वस्तुस्थिती

(भौगोलिक, जिल्लाको नक्शा, राजनीतिकविभाजन, जनसंख्या, पहुँच, प्रशासनीक, उत्पादन)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५००००), नापी बिभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक बिभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा बिशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

## वडाको बनावट तथा जनसंख्या विवरण

| वडा नं. | साविकका गाविस र वडाहरु | जनसंख्या | | | क्षेत्रफल (व.कि.मी.) |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | श्रीनगर १-४ | ७१८ | ७१३ | १४३१ | २.५९० |
| २ | श्रीनगर ५ र ६ | ७५६ | ६३६ | १३९२ | ४.५९४ |
| ३ | श्रीनगर ७-९ कार्कीबाडा ९ | ६६४ | ६५४ | १३१८ | १९.०७८ |
| ४ | कार्कीबाडा १-४ | ७७९ | ७७० | १५४९ | ९.१३८ |
| ५ | कार्कीबाडा ५-८ | ९३४ | ९३६ | १८७० | ३.३७७ |
| ६ | पिना ५-८ | ८२४ | ७२९ | १५५३ | ६६.२३८ |
| ७ | पिना १, २, ९ | ६७२ | ६६५ | १३३७ | १५.२३४ |
| ८ | पिना ३, ४ | ४७४ | ४८३ | ९५७ | २१.३८२ |

| वडा नं. | साविकका गाविस र वडाहरु | जनसंख्या | | | क्षेत्रफल ( व.कि.मी.) |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| ९ | रारा ८, ९ | ४८८ | ४५० | ९३८ | ६२.८८९ |
| १० | रोवा १-४ | ९३६ | ९१५ | १८५१ | १९.१४९ |
| ११ | रोवा ५, ६ | ५१० | ४९८ | १००८ | १४.९३२ |
| १२ | रोवा७-९ | ८०७ | ७७३ | १५८० | ९६.९९१ |
| १३ | रुगा १-५ | ११५२ | ११०८ | २२६० | ७८.४३२ |
| १४ | रुगा ६-९ | ८४४ | ७९५ | १६३९ | ६६.६५१ |

## छायाँनाथ रारा नगरपालिकाको जात जाती अनुसारको जनसंख्या विवरण

| क्र.सं. | जाती | पुरूष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दलित | २४८० | २४२० | ४९०० | २४.८२ | |
| २ | जनजातती | १५५ | १५२ | ३०७ | १.५५ | |
| ३ | मदेसी | ० | ० | ० | ०.०० | |
| ४ | मुस्लीम | ० | ० | ० | ०.०० | |
| ५ | ब्रम्हण र क्षेत्री | ७३५३ | ७०४४ | १४३९७ | ७२.९१ | |
| ६ | अन्य | ८२ | ५९ | १४१ | ०.७१ | |
| | जम्मा | १००७० | ९६७५ | १९७४५ | १००.०० | |

## नेपालमा स्वास्थ्य तथा पोषणको अवस्था

नेपाल एक विकासोन्मुख मुलुक हो । देशमा स्वास्थ्यका सबै सूचकहरू हेर्दा सन्तोष जनक रहेको पाईदैन तथापी कतिपय सूचकहरू भने सन्तोष जनक रहेको पाईन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ अनुसार नेपाल तथा प्रदेश अनुसारको स्वास्थ्य तथा पोषणको अवस्था निम्नानुसार रहेको छ ।

| स्वास्थ्य तथा पोषणको सुचकहरु | प्रदेश | | | | | | | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| पाँचवर्ष मुनीको बच्चको मृत्युदर (प्रति १००० जिवित जन्ममा | ३६ | ५२ | ३६ | २७ | ४५ | ५८ | ६९ | ३२ |
| ५ वर्ष मुनीका बालबालिकामा भएको पुड्को पना | ३३ | ३७ | २९ | २९ | ३९ | ५५ | ३६ | ३६ |
| ५ वर्ष मुनीका बालबालिकामा भएको ख्याउटे पना | १२ | १४ | ४ | ६ | ८ | ७ | ९ | १० |
| ५ वर्ष मुनीका बालबालिकामा भएको कम तोल | २४ | ३७ | १३ | १५ | २७ | ३६ | २८ | २७ |
| अधारभुत सबै भ्याक्सीन पाउनेको प्रतिशत | ७९ | ६५ | ८५ | ९३ | ७८ | ७५ | ८३ | ७८ |
| प्रजनन उमेर समूहका महिलाहरूमा प्रजननदर | २.३ | ३.० | १.८ | २.० | २.४ | २.८ | २.२ | २.३ |
| परिवार नियोजनका साधनको प्रयोग (१५ देखि ४९ वर्ष उमेर समूह) | ४० | ४२ | ४९ | ३७ | ३९ | ४५ | ४८ | ४३ |
| स्वास्थ्य संस्थामा सुत्केरी हुने | ६२ | ४५ | ७१ | ६८ | ५९ | ३६ | ६६ | ५७ |
| दक्ष प्रशुती कर्मिबाट सुत्केरी | ६३ | ५९ | ७० | ७० | ५७ | ३५ | ६६ | ५८ |
| ५ वर्ष मुनीका बालबालिकामा भएको रक्त अल्पता | ५५ | ५९ | ४३ | ४६ | ५३ | ४८ | ५० | ५३ |
| १५ देखि ४९ वर्ष उमेर समूहका महिलाहरूमा | ४३ | ५८ | २९ | २८ | ४४ | ३५ | ३९ | ४१ |

| स्वास्थ्य तथा पोषणको सुचकहरु | प्रदेश | | | | | | | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| भएको रक्त अल्पता | | | | | | | | |
| महिलामा भएको उच्च रक्तचाप भएका महिलाहरूको संख्या (१५ वर्ष माथी) | १८ | १३ | १९ | २४ | १९ | १० | १० | १७ |
| पुरूषमा भएको उच्च रक्तचाप भएका महिलाहरूको संख्या (१५ वर्ष माथी) | २१ | १८ | २९ | ३१ | २५ | २२ | १८ | २३ |

## जिल्लामा पोषण तथा खाद्य सुरक्षाको अवस्था

जिल्ला विकास समिति, मुगुको आधार सर्वेक्षण, २०६५ को आधारमा मुगु जिल्लाको जनसंख्याको पेशामा रहेको संलग्नताको विश्लेषण गर्दा यस जिल्लामा सबैभन्दा बढी जनता कृषि तथा पशुपालनमा आवद्ध रहेको पाइन्छ । जसमा पुरुषको (४६.६ प्रतिशत) भन्दा महिलाको (५३.४ प्रतिशत) संलग्नता बढी छ । दोस्रो पेशाको रुपमा परम्परागत पेशा तथा सीपलाई अंगालेको पाइएको छ जसमा महिलाको संलग्नता पुरुषकोभन्दा करीव २६.७ प्रतिशत कमि देखिन्छ । सबैभन्दा कम जनताको संलग्नता वैदेशिक रोजगारमा रहेको छ जुन कूल संलग्नताको ०.७ प्रतिशत मात्रै हो । मुगु जिल्लामा कृषि तथा पशुपालन पेशामा बाहेक अन्य पेशाहरुमा पुरुषको दाँजोमा महिलाको संलग्नता न्यून रहेको अवस्था छ। यहाँ धान, गहुँ, मकै, जौ, कोदो, फाँपर,चिनु कागुनो जस्ता अन्नबाली लगाइन्छन् । जनसंख्या बड्दै गइरहेको सन्दर्भमा खाद्यान्न उत्पादनमा कमि हुनुले खाद्य सुरक्षाको दृष्टिकाणबाट उपयुक्त मान्न सकिन्न । विगत केहि वर्षदेखि जिल्लामा जीवनबुटी सङ्कलनमा स्थानीयबासीको संलग्नता बढिरहेको छ र यसबाट जिल्लाबासीको आम्दानीमा समेत वृद्धि भएको छ ।

यस जिल्लाका मुख्य बालीहरुमा मकै, गहुँ, धान, उवा, फाँपर, चिनो, जौ, कागुनो, मार्से र कोदो रहेका छन् । जसमध्ये सबैभन्दा बढी क्षेत्रफलमा कोदो खेती गरिन्छ । तरकारी बालीमा आलु प्रमुख रहेको छ भने फलफूल खेती पनि केहि क्षेत्रहरुमा गर्ने गरिएको छ ।

## कुपोषणको अवस्था

आ.व.२०७३/७४ मा मुगु जिल्लामा अति शीघ्र कुपोषण भएर १०२६ जना भर्ना भएकोमा छायाँनाथ रारा नगरपालिकाको एक मात्र OTC जिल्ला अस्पतालमा३३१ जना भर्ना भएका थिए । यसले पनि मुगु जिल्ला भरिका कुपोषित बालबालिकाहरु मध्य एक तिहाइभन्दा बढी अस्पतालबाट उपचार लिएको देखाउँछ । नगरपालिका भित्रका अन्य स्वास्थ्य संस्थाहरुमा पनि OTC सञ्चालनमा ल्याउँदा अस्पतालको भार कम हुने देखिन्छ साथै सेवाग्राहीलाई पनि सहज हुनेछ । जिल्ला अस्पताल मुगु जिल्लाकै एक मात्र Stabilization Centre (SC) रहेकाले पनि शीघ्र कुपोषणको उपचार नगरपालिका भित्र रहेका अन्य स्वास्थ्य संस्थाहरुले सुचारु गर्नुपर्दछ । यसका साथै कुपोषित हुनबाट बच्चाहरुलाई जोगाउन वृद्धि अनुगमन दर बढाउने र  बच्चाहरुलाई पोषिलो खाना खुवाउनका लागि पनि उत्प्रेरित गर्नुपर्ने हुन्छ ।

मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिकाके अधिकांस भु-भागमा खेती हुने गर्दछ तथापी परंपरागत खेती प्रणाली भएका कारण जमीनको क्षमता अनुसारको उत्पादन भने हुँदैन । व्यवस्थीत खेती प्रणाली तथा खोरीया सुधार अपनाउने हो भने यहाँको उत्पादनले खान पुग्ने उर्वर भूमि रहेको छ ।

### पोषणमा क्षेत्रगत योगदानको अवस्था र विश्लेषण

पोषणमा विभिन्न क्षेत्रको योगदान रहेको हुन्छ । एउटा क्षेत्रको मात्र प्रयासले दिर्घकालिन रुपमा पोषणको अवस्थामा सुधार आउन सक्दैन । पोषणको अवस्था तथा रिक्तता विश्लेषण सर्भेक्षण २००९ अनुसार पोषणका क्षेत्रमा विभिन्न क्षेत्रहरुको महत्वपूर्ण योगदान हुने कुरा पत्ता लागेको छ । जस अनुसार पोषणका क्षेत्रमा पोषण लक्षित भनेर उपचारात्मक क्षेत्र जसमा श्वास्थ्य क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैगरि पोषण संवेदनशिल क्षेत्र भनेर शिक्षा, कृषि विकास, पशुपछिं विकास, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई र स्थानीय शुसासन रहन्छन् । यि विभिन्न विषयगत क्षेत्रहरुले पोषणको क्षेत्रमा पुऱ्याउने योगदानहरु निम्नानुसार रहेका छन् ।

## पोषण लक्षित कार्यक्रमहरु (श्वास्थ्य क्षेत्रले पुऱ्याउने योगदान)

पोषण सुधारको लागि श्वास्थ्य क्षेत्रले विभिन्न योगदानहरु गर्ने गर्छ । जसमा सिघ्र कुपोषणको एकिकृत व्यवस्थापन लगायतका पोषण लक्षित कार्यक्रमहरु रहेका छन् ।

## छायाँनाथ रारा नगरपालिकाको स्वास्थ्य सम्बन्धि सुचकहरुको अवस्था

| विवरण तथा सुचकहरू | अवस्था |
|---|---|
| बालबालिकामा खोप कभरेजको अवस्था प्रतिशत (DPT/HepB/Hib3) | १३५ |
| ड्रपअउट रेट | २ |
| निमोनीयाको प्रकोप | १५८ |
| प्रोटोकल अनुसार चौथो पटक ए एन सी चेक गराउनेको ५ | ४३ |
| सिघ्रकुपोषण निको भएको प्रतिशत | ६९ |
| जिवित जन्ममा संस्थागत सुत्केरी हुनेहरूको प्रतिशत | ७४ |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७४

## सेवा केन्द्रको विवरण ९ज्भबतिज ँबअषिष्तिथ, ीयअबतष्यल, एयउगबितष्यल, ऋयखभचबनभ०

| जिल्ला अस्पताल | स्वास्थ्य चौकी | सामुदायिक स्वास्थ्य ईकाई | गाउँघर क्लिनिक | खोप क्लिनिक | नीजि अस्पताल | महिला स्वास्थ्य स्वयम् सेविका |
|---|---|---|---|---|---|---|
| १ | ६ | ३ | २१ | २५ | १ | ४५ |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७४

जनशक्तिको विवरण, अवस्थिति, जनसंख्या र लक्षित कार्यक्रम

| पद | स्वीकृत दरबन्दी | पदपूर्ति |
|---|---|---|
| मेडिकल अधिकृत | २ | १ |
| हे.अ./सि.अ.हे.व. | ६ | ६ |
| स्टाफ नर्स | २ | २ |
| अ.हे.व. | १३ | १३ |
| अ.न.मी. | ३ | ३ |
| ल्याब असिस्टेन्ट | २ | २ (१ करार) |
| कार्यालय सहयोगी | ११ | ११ |
| **जम्मा** | **३९** | **३८** |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७४

स्वास्थ्य क्षेत्रले गर्ने नियमित कार्यक्रम (HMIS) अनुसारका पोषण लक्षित कार्यक्रमहरु

## २. पोषण संवेदनशिल कार्यक्रमहरु (सेवा केन्द्रको विवरण, जनशक्तिको विवरण र विभिन्न क्षेत्रले गर्ने नियमित कार्यक्रम कभरेज

### २.१.१ कृषि क्षेत्रको कार्यक्षेत्र तथा क्रियाकलापहरु

- लक्षित वर्गको घरपरिवारमा करेसावारी निर्माण गर्ने ।
- करेसाबारी निर्माण गर्न घरपरिवारलाई प्रोत्साहन गर्ने ।
- पोषणयुक्त खाद्यान्न उत्पादन गर्ने र यस्ता उत्पादनमा कृषकहरुको क्षमता बृद्धि गर्ने ।
- परम्परागत खाद्यवस्तुमा आधारित पोषणयुक्त आहारको तयारी बारे जानकारी बृद्धि गर्ने
- कार्यक्रम ।
- उन्नत बिउ प्रबर्धन, साना सिँचाईका कार्यक्रम संचालन गरी कृषि उत्पादन बढाउने ।
- जैविक मल तथा जैविक विषादी सम्बन्धी प्रयोगमा कृषकहरुलाई तालिम दिने ।
- पोषणयुक्त खाद्यवस्तु उत्पादन, उपभोग र उपयोगीता बारे प्रचार प्रसार गर्ने ।
- खानाका परिकार बनाउने तथा पोाषिलो खानाका परिकारहरुको प्रदर्शनी ।
- घर नजिक जग्गा नहुने परिवारको लागि च्याँउ, कौसी र गमला खेती ।
- स्थानीय जातका फलफुल (जस्तैः मेवा) उत्पादनमा प्रोत्साहन गर्ने ।
- मौसम र ठाँउ अनुसार पाईने तरकारी र स्थानीय खाद्य सामाग्रीको महत्व, फाईदा,
- संरक्षण, प्रशोधन र उपयोग बिधिबारे जानकारी ।
- कृषि प्राविधिकहरुको सुक्ष्म पोषणतत्वयुक्त खाद्यान्न सम्वन्धी क्षमता अभिबृद्धि गर्ने ।

सेवा केन्द्र/उप-केन्द्रको विवरण

| सेवा केन्द्र/उप-केन्द्रको नाम | लाभान्वित साविकका गा.वि.स.को नाम | हालका गा.पा./न.पा.को नाम |
|---|---|---|

| | | |
|---|---|---|
| सेतीबाडा कृषि सेवा केन्द्र | रोवा, पिना, श्रीनगर, कार्कीबाडा र रुगा | छायानाथ रारा नगरपालिका |

पकेट क्षेत्र विवरण

| पकेट वस्तु | साबिकका गा.वि.स. | हालका गा.पा./न.पा. |
|---|---|---|
| खाद्यान्न | कार्कीबाडाको कार्कीबाडा जिउला, रोवाको सालिम | छायानाथ रारा नगरपालिका |
| तरकारी | कार्कीबाडाको कार्कीबाडा, ताल्चा, पातरखोला, श्रीनगरको हेर्निकाँध र निगाले | छायानाथ रारा नगरपालिका |
| स्याउ | कार्कीबाडाको ताल्चा, रुगाको बाम, रोवाको घट्टेलेख | छायानाथ रारा नगरपालिका |
| आलु | रुगाको बाम, पिनाको मुन्दु, राराको मुर्मा | छायानाथ रारा नगरपालिका |
| मौरी | पिनाको मुन्दु, राराको मुर्मा, पिना, रोवा, रुगाको बाम | छायानाथ रारा नगरपालिका |
| सिमी | छायाँनाथ रारा ११ रोवा, मुन्दु, रुगाको बाम, राराको मुर्मा | छायानाथ रारा नगरपालिका |

जिल्लाको खेतीयोग्य जमिन

| सेवा केन्द्र/उप-केन्द्रको नाम | लाभान्वित साविकका गाविसको नाम | हालकागापा/नपाको नाम | जम्मा खेती योग्य जमिन | धनहर (हेक्टरमा) | पाखो (हेक्टरमा) |
|---|---|---|---|---|---|
| सेतीबाडा कृषि सेवा केन्द्र | रोवा, पिना, श्रीनगर, कार्कीबाडा र रुगा | छायानाथ रारा नगरपालिका | ४४०३.३६ | ३९४.७२ | ४००८.६४ |

## २.१.२ पशुसेवा क्षेत्रको योगदान तथा क्रियाकलापहरुको विवरण

- पशु स्वास्थ्य शिविरमा पशुपंक्षीलाई खोप लगाउने कार्यक्रमलाई निरन्तरता/ विस्तारगर्ने ।
- कुखुरापालन, मौरीका घार, माछाका भुरा र अन्य पशुजन्य उत्पादनका साधन वितरणमा
- सहुलियत प्रदान गर्ने तथा तालिम दिने ।
- समुदायलाई पशुपंक्षीजन्य श्रोतको उत्पादन, उपभोग, तथा प्रशोधन सम्बन्धी सीपमुलक तालिम दिने ।
- पशुपंक्षीजन्य श्रोतको उपभोग व्यवहारमा सुधार गर्ने ।
- सुनौला हजार दिनका परिवारलाई प्रोत्साहनको लागि अण्डा, घिउ उपहार तथा वितरण
- गर्ने ।
- पशु सेवा प्राविधिक हरुको सुक्ष्म पोषणतत्वयुक्त खाना सम्वन्धी क्षमता अभिबृद्धि गर्ने ।

मुगु जिल्लाका ७० प्रतिशत जनता कृषि पेशामा आत्मनिर्भर रहेको पाईन्छ । यो जिल्ला पशु पालन व्यवशायमा अति उपयोग ठाउँ भएकोले जिल्ला पशु सेवा कार्यालय मार्फत जनता समक्ष पुऱ्याईने सेवाको निमित्त ११ सेवा केन्द्र र १ जिल्ला पशु सेवा कार्यालय रहेको छ । यो जिल्ला विगतको तुलनामा मासुमा आत्मनिर्भर हुन खोजेको पाईन्छ भने दूध र अण्डामा विगतका वर्षबाट कुखुराका

चल्ला वितरण, दूध उत्पादनका लागि अन्न, नश्लका राँगा, साँढे वितरण गर्ने काम यथावत रहेको छ ।

### छयाँनाथ रारा नगरपालिकामा रहेकाकृषि सेवाकेन्द्र विवरण

| सेवा केन्द्र/उप-केन्द्रको नाम | साविकका लाभान्वित गा.वि.स.हरु |
|---|---|
| पशु सेवा केन्द्र लुम्स (क) | रोवा र रुगा गा.वि.स |
| पशु सेवा केन्द्र पिना | पिना,कार्किवाडा,श्रीनगर गा.वि.स |

### पशु सेवा सम्बन्धी पकेट क्षेत्रहरुको विवरण

| पकेटको किसिम | पकेट क्षेत्र अन्तर्गत पर्ने साबिकका गा.वि.स. |
|---|---|
| गाई, भैसी पकेट | कार्किवाडा, पिना,श्रीनगर, रोवा |
| भेडा-बाखा | रुगा, रोवा र पिना |
| कुखुरा | श्रीनगर, पिना, कार्किबाडा, रुगा, रोवा र रारा |

### २.१.३ शिक्षा क्षेत्रको योगदान तथा क्रियाकलापहरुको विवरण

- बालक्लबस्थापनातथाविस्तारगर्ने ।
- विद्यालयमा रहेका वाल क्लवहरुलाइ जीवनपयोगी सीप र पोषण बिषयमा अभिमुखकिरण गर्ने ।
- अभिभावक तथा समुदायका सदस्यहरुलाइ पोषण सम्बन्धि शिक्षा दिन सामाग्रीहरु तयारपारि वितरण गर्ने ।
- बालविकास सम्बन्धी योजना तयार गर्ने ।
- बिद्यालय दिवा खाजामा आइरनयुक्त आहार सुनिश्चित गर्ने ।
- घर तथा विद्यालयमा करेसाबारीका प्रवर्धन गर्ने ।
- शिक्षा क्षत्रमा पोषण तथा सरसफाई सम्बन्धि क्षमता बिकास गर्ने ।
- विद्यालय स्वास्थ्य तथा पोषण जाँच तालिका तयार गर्ने र प्रयोग गर्ने
- बिद्यालयमा किशोरीहरुलाइ जीवनपयोगी सीप र पोषण बिषयमा स्वास्थ्य शिक्षा दिने ।
- विद्यालय तथा प्रारम्भिक वालविकास केन्द्रमा, पोषण कर्नर, हात धुने स्थानका स्थापना शौचालय तथा खानेपानीको सुनिश्चिता गर्ने ।
- बालमैत्री शिक्षा र बालबालिकाको पोषण सुधारका लागि शिक्षक, बिद्याथी र अभिभाबक बीच अन्तरक्रिया ।
- स्थानीय विद्यालयको पाठयक्रममा जीवनपयोगी शिक्षा, पोषण व्यवहारमा सुधार समाबेश गर्ने ।
- महिला शिक्षिका र किशोरीहरुलाइ सनेटरी प्याड निमार्ण, महिनावारी व्यबस्थापन,
- छाउपडी र पोषण सम्बन्धी अभिमुखिकरण ।
- बाल बिबाह बिरुद्धका अभियानहरु सचालन गर्ने ।

छयाँनाथ रारा नगरपालिका भित्र रहेका विद्यालय तथा स्रोतकेन्द्रहरुको विवरण

| स्रोतकेन्द्र को नाम | सम्बन्धित साविकका गाविसको नाम | हालकागापा/ नपाको नाम | बालविकास केन्द्र सँख्या | विद्यालय सँख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रा.वि. | नि.मा. वि. | मा.वि. | उ.मा. वि. |
| श्रीागर स्रोतकेन्द्र | श्रीनगर र रुगा | छायानाथ रारा नगरपालिका १, २,१३ र १४ वडा | १६ | १३ | ३ | १ | १ |
| टोप्ला | पिना र कार्कीवाडा | छायानाथ रारा नगरपालिका ४-८ | १३ | ११ | २ | १ | ० |
| रोवा | माङ्ग्री र रोवा | छायानाथ रारा नगरपालिका १०-१२ वडा र मुगुमकार्मारोङ्ग गाउँपालिकाको ७-९ | १५ | ९ | ५ | ० | २ |

स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७३

२.१.४ खानेपानी तथा सरसफाई क्षेत्रको योगदान तथा क्रियाकलापहरुको विवरण

- जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने बानी व्यवहार प्रवर्धन गर्ने ।
- विद्यालयमा शौचालय, स्वच्छ पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका
- बालिकालाई सरसफाइका सुविधाको व्यवस्था गर्ने ।
- समुदाय, संस्था र अन्य सार्वजनिक स्थलमा शौचालय प्रयोगलाई प्रोत्साहन गर्ने ।
- खुला दिसामुक्त क्षेत्र घोषणा तथा पुर्ण सरसफाई अभियान सञ्चालन सञ्चालन गर्ने ।
- विभिन्न समुदायको लागि खानेपानी प्रशोधन प्रणालीको निर्माण, सञ्चालन, वितरण र
- व्यवस्थापन गर्ने ।
- घरायसीस्तरमा सुरक्षित खानेपानीको उपलब्धताको सुनिश्चितता गर्ने साथै खानेपानी
- शुद्धिकरण गर्ने विधिको बारेमा जनचेतना अभिबृद्धि गर्ने तथा प्रोत्साहन गर्ने ।
- खानेपानी सरसफाइ क्षेत्रका सरोकारवालाहरुलाई अभिमुखिकरण ।
- पानी सुद्धीकरण बिधि तथा पानीका मुहान सुरक्षितको सुनिश्चिता गर्ने ।

मुगु जिल्ला खुल्ला दिसा मुक्त जिल्ला घोषणा भई सकेको जिल्ला हो । २०७५ साल जेष्ठ २८ गते खुल्ला दिसामुक्त घोषणा भई सकेको परिप्रेक्षमा त्यसलाई निरन्तरता दिनु पर्ने चुनौती रहेको छ । जिल्ला खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयले नेपाल सरकारद्वारा स्वीकृत विभिन्न साना-ठूला खानेपानी आयोजनाको निर्माण, खानेपानी आयोजनाहरुको मर्मत तथा पुर्स्थापना, खानेपानी सुरक्षा सम्बन्धी कार्यक्रम, खानेपानी तथा सरसफाई सम्बन्धी तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने, वातावरणीय सरसफाई सम्बन्धी कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्दै आएकोछ ।

२.१.५ महिला तथा बालबालिका क्षेत्रको योगदान तथा क्रियाकलाप विवरण


- समुदायस्तरमा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जीवनउपयोगी सीप र लैङ्गिक समता सम्बन्धि तालिममा पोषण बिषय समावेश गर्ने ।
- बिद्यालय नजाने किशोरीहरुलाई जीवनपयोगी सीपबारे प्रदान गरिने तालिममा पोषण बिषय समावेश गर्ने ।
- महिनावारी र पोषणका बिषयमा परम्परागत अन्धविश्वास र परम्परा विरुद्ध पैरवी गर्ने ।
- घरपरिवारका सदस्यहरुका साथै सासुबुहारी र श्रीमान बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा पोषणका बिषय समावेश गर्ने ।
- सामाजिक सुरक्षा संयन्त्रमा पोषण प्रवर्धनात्मक क्रियाकलाप एकीकृत गर्ने ।
- महिला समुह, सहकारी र संस्थाहरुलाई पोषण प्रर्बधन गर्न परिचालन गर्ने ।
- गर्भवती र सुत्केरी आमालाई सम्मान गर्ने ।
- महिला समुह, सहकारीहरुमा पोसिलो जाउलो, लिटो र आयोडिन नुन सम्बन्धी परार्मश र
- प्रर्दशनी गर्ने ।

महिला विकासको अभियान आ.व.०३९/०४० मा थालिएको हो। हाल नेपालको ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालय स्थापना भएको छ । तर मुगु जिल्लामा भने २०५७ सालमा महिला तथा बालबालिका कार्यालय स्थापना भएको हो । यस कार्यालयले स्थापना कालदेखि नै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, एकल महिलाको क्षेत्रमा काम गर्दै आइरहेको छ । मुगु जिल्लामा २०६८ सालको जनगणना अनुसार ५५२८६ जनसंख्या मध्ये महिलाको जनसंख्या २७२६१ मा हाल महिला विकास कार्यक्रममा १०९५४ जना महिलाहरु समेटिएका छन् भने मुगु जिल्लाका साबिकका २४ वटै गा.वि.स.का २०७ वटा वडामा महिला विकास कार्यक्रम फैलिएको छ ।

## महिला विकास कार्यक्रमको लक्षित समूह

- ग्रामीण क्षेत्रका २० वर्षभन्दा माथिका विपन्न महिला विकास कार्यक्रम लक्षित रहनेछन् ।
- कहिल्यै विद्यालय नगएका वा गए तापनि प्रवेशिका परीक्षासम्म उत्तीर्ण गर्न नसकेका शैक्षिक रुपमा वञ्चित
- आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्षदिन खान नपुग्ने परिवारका आर्थिक रुपमा वञ्चित महिलाहरु

## महिला विकास कार्यक्रमका आयाम ३ आयाम



## महिला तथा बालबालिका कार्यालयबाट छयाँनाथ रारा नगरपालिकामा गठित सहकारी संस्था

| संस्थाको नाम | ठेगाना | दर्ता नं. | मिति | शेयर सदस्य संख्या | लगानीमा रहेको रकम | मूख्य लगानीका क्षेत्रहरु |
|---|---|---|---|---|---|---|
| म.जा.ब. तथा ऋ.प.स.सं.लि. | श्रीनगर | ६३ | २०६३/८/४ | २५ जना | ५२०००।- | आयमुलक कार्यक्रम (शिक्षा, स्वास्थ्य) |
| पैरबी अ.म.ब. तथा ऋ.प.स.सं.लि. | रोवा | ४०० | - | २८५ जना | ५३५८००।- | आयमुलक कार्यक्रम (शिक्षा, स्वास्थ्य) |
| सृजना आशामुखी आ.ब.तथा ऋ.प.स.सं.लि. | कार्कीबाडा | ५ | २०६३/८/४ | ९५ जना | ४,६५६,००।- | आयमुलक कार्यक्रम (शिक्षा, स्वास्थ्य) |
| छायानाथ .म.आ.आ.ब. तथा ऋ.प.स.सं.लि. | रुगा | - | - | २८५जना | ११८८५०।- | आयमुलक कार्यक्रम (शिक्षा, स्वास्थ्य) |

### २.१.६ स्थानीय शुसासन क्षेत्रको योगदान तथा क्रियाकलापहरुको विवरण

- स्थानीय तहको आवधिक, बार्षिक तथा रणनीतिक योजनामा बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्ने ।
- सुनौला १००० दिनका घर परिवारको तथ्याङ्क अध्यावधिक गर्ने, पोषण प्रोफाइल तयार गर्ने र पोषणका सुचकहरु समाबेश गर्ने ।
- किशोर-किशोरीमैत्री स्वास्थ्य तथा पोषण कार्यक्रमहरु एकिकृतरुपमा विस्तार गर्ने ।
- पोषण तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नको लागि विभिन्न वर्ग/समूह, घरपरिवासँग बहस-पैरवी बैठक गर्ने ।
- स्थानीय तह (गाउँपालिका/नगरपालिका) तथा वडा तहमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा समितिको नियमित बैठक सञ्चालन भएकोबारे सुनिश्चित गर्ने ।
- आपतकालिन अवस्थामा पोषण सम्बन्धी सुचना तथा पोषण निगरानी प्रणाली स्थापना र
- सवलीकरण गर्ने ।
- बाल संरक्षण अनुदान र पोषण भत्तालाई पोषण व्यवहार सुधारसँग आवद्द गर्ने ।

- पोषणमैत्री स्थानीय तह तथा स्थानीय तहको पोषण नीतिका लागि अभियान सञ्चालन गर्ने ।
- पोषण प्रबर्दनकालागी सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, पोष्टर, ब्रोसर तयार गरी व्यवहार परिवर्तन सम्बन्धी चेतनामुलक जानकारी राख्ने ।
- बहुक्षेत्रीय पोषण योजनाबारे कर्मचारी, जनप्रतिनिधिहरुको क्षमता बिकास गर्ने ।
- स्वास्थ्य सस्थामा सुत्केरीहुन आउनेहरुकालागी प्रोत्साहन गर्ने ।
- समुदाय स्तरमा पोषण प्रवर्द्धन गर्न रेडियो कार्यक्रम सञ्चालन गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको नमूना तयार गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित क्रियाकलापहरुको अनुगमन गर्ने ।

पोषणका क्षेत्रमा कार्यान्वयन भईरहेका कार्यक्रमहरुको विवरण

## १.१. पोषणका लागि हातेमालो

नेपालमा बाल्यकालीन तथा मातृ पोषणको अवस्थामा सुधार ल्याउनका लागि २०६९-२०७४ का लागि बहुक्षेत्रीय पोषण योजनाको परिकल्पना संगै जसको सहयोगका लागि विभिन्न कार्यक्रम आयोजना तथा परियोजनाहरु संचालनमा आएको छन् । २०७२ साल सम्म बहुक्षेत्रीय पोषण योजना तत्कालिन जिल्ला विकास समितिको अगुवाईमा विभिन्न विषयगत कार्यालयहरुबाटकार्यान्वयन हुँदैआईरहेको थियो । त्यस पछिका दिनहरुमा कार्यान्वयन सहयोगका लागि योजना कार्यान्वयन भईरहेका २८ वटै जिल्लाहरुमा स्वास्थ्य अनुसन्धान तथा समाजिक विकास मञ्च नामक सेवा प्रदायक संस्थाको प्रविधिक सहयोगमा २ जना योजना कार्यान्वयन सहयोग टिमको व्यवस्था गरिएको छ जसमा एक जना जिल्ला संयोजक र एक जना योजना अनुगमन र सुचना व्यवस्थापन अधिकृतले कार्यक्रम कार्यान्वयनका सहयोग पुऱ्याउँदै आईरहेका थिए । सो टिमको जिल्लामा आगमन भए पछि पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा काम गर्ने कार्यक्रम तथा परियोजनाको विचमा समन्वय र सहकार्य हुदै पोषणका लागि हातेमालो भएको छ । यसरी पोषणका लागि सबै मिलेर लक्षित बर्गको उत्थानमा लागि पर्ने अभियान नै पोषणका लागि हातेमालो हो ।हाल सेवा प्रदायक संस्था हर्ड मर्फत एक जना जिल्ला संयोजक मात्र रहेको छ ।

## १.२. नगरपालिका भित्र पोषणको क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्थाहरुको विवरण

सरकारी कार्यालयहरु बाहेक मुगु जिल्लामा विभिन्न संघ संस्थाहरुले पोषणको क्षेत्रमा काम गरिरहेका छन् । यिनीहरुमध्ये कुनै जिल्लाभरी नै क्रियाशील छन् भने कुनै सीमित क्षेत्र वा साविकका गा.वि.स.हरुलाई कार्यक्षेत्र बनाई सञ्चालित छन् । सोरु गाउँपालिकामा पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरु तपशिल बमोजिम रहेका छन् :

| संघ संस्था | कार्यक्षेत्र (साविकका गा.वि.स.) | कामको विवरण |
|---|---|---|
| युनाइटेड मिसन टु नेपाल | पिना, रारा, रोवा र रुगा | पीडी हर्थ, खाद्य प्रदर्शनी, किशोरकिशोरीहरुलाई प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम |

| संघ संस्था | कार्यक्षेत्र (साविकका गा.वि.स.) | कामको विवरण |
|---|---|---|
| फेज नेपाल | रुगा | स्थानीय स्वास्थ्य संस्थासँग सहकार्य, खाद्य प्रदर्शनी, करेसावारी तथा तरकारी बिउ वितरण |
| कृषि तथा खाद्य सुरक्षा कार्यक्रम | पिना, रारा, रोवा, रुगा र श्रीनगर | खाद्य प्रदर्शनी, महिलाको कार्यबोझ घटाउन सामाग्री सहयोग, तरकारी बिउ सहयोग तथा करेसावारी निर्माण, कृषि पाठशाला |
| शीघ्र कुपोषण व्यवस्थापन (आइमाम) | सबै गा.वि.स.हरु | RUTF वितरण, बालबालिकालाई पोषण भत्ता सहयोग, स्वास्थ्यकर्मीहरुलाई तालीम |
| आई.एन.एफ. | सबै गा.वि.स.हरु | तरकारी बिउ तथा टनेल हाउस सहयोग, कुखुरा सहयोग, प्रसुती गृहलाई सामाग्री सहयोग |
| हेरेन्डेक | रारा | सुरक्षित मातृत्व कार्यक्रमका लागि स्थानीय स्वास्थ्य संस्थालाई सहयोग, सुत्केरी महिलालाई पोषिलो खानेकुरा सहयोग |
| किर्डाक | रारा, रोवा र रुगा | खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाईमा सहयोग, जीविकोपार्जनमुलक कार्यक्रम, तरकारी बिउविजन तथा टनेल हाउस वितरण |
| गुड नेवर अन्तराष्ट्रिय | रारा, रोवा र रुगा | स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई तालीम, स्वास्थ्य संस्थालाई स्वयम् सेवक सहयोग |
| कर्णाली सामुदायिक विकास केन्द्र | पिना, रारा, रोवा, रुगा र श्रीनगर | खाद्य प्रदर्शनी, महिलाको कार्यबोझ घटाउन सामाग्री सहयोग, तरकारी बिउ सहयोग तथा करेसावारी निर्माण, कृषि पाठशाला |
| बहुक्षेत्रीय पोषण योजना | सबै गाउँपालिका तथा नगरपालिका | विभिन्न विषयगत कार्यालयहरु मार्फत पोषण सम्बन्धी सचेतनामुलक कार्यक्रम |
| सप्रोस नेपाल | पिना, रारा, रोवा, रुगा र श्रीनगर | बाख्रा तथा भैसी वितरण, सुनौला हजार दिनका आमाहरुलाई सुपर सिरियल वितरण |

## विभिन्न पुरक बहुक्षेत्रीय पोषण कार्यक्रमको पहुँचको अवस्था

यस वर्ष छायाँनाथ रारा नगरपालिकाको नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट ५, ७, ८, १० र १३ नं.वडाहरुमा बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरु कार्यान्वयनमा रहेका छन् । आगामी आर्थिक वर्षहरुमा यो योजनाका क्रियाकलापहरु सबै वडाहरुमा पनि विस्तार गर्दै लगिनेछ । स्वास्थ्य क्षेत्र तथा अन्य विकासका साझेदार संघ संस्थाहरुले अन्य वडाहरुमा पनि आफ्ना कार्यकम तथा क्रियाकलापहरु संचालन गरिरहेका छन् ।

## संस्थागत संरचना

### १.३. पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा सञ्चालन

बहुक्षेत्रीय पोषण योजना लगायत पोषणका संवेदनशिल तथा पोषण लक्षित कार्यक्रमहरुको समन्वय, सहजीकरण तथा कार्यान्वयनमा एकरुपता ल्याउने उद्देश्यले नगरपालिकामा नगर स्थारीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने व्यवस्था गरेको छ। साथै वडाहरुमा पनि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठनको व्यवस्था गरेको । छयाँनाथ रारा नगरपालिकामा पनि मेयरको अध्यक्षतामा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भई समय समयमा बैठक वसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु भएका छन् ।

## १.४.जिल्ला तहमा

देश संघीयतामा गए संगै बहुक्षेत्रीय पोषण योजना दोस्रो आएको छ । सो योजना अनुसार बहुक्षेत्रीय पोषण योजनाको समन्वय, सहजीकरण। अनुगमन, समिक्षा तथा मूल्याङ्कनको जिम्मेवारी विद्यमान जिल्ला समन्वय समितिको हुनेछ । यस सम्बन्धमा जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन भएका गाउँपालिका तथा नगरपालिकामा कार्यक्रम अनुगमन गर्ने ।

ख) अन्तर स्थानीय तह तथा प्रदेशसँग आवस्यक समन्वय गर्ने ।

ग) गाउँपालिका तथा नगरपालिकाको दीर्घकालिन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीया योजना अनुसारका कार्यक्रम समावेश गर्न सहजीकरण गर्ने ।

घ) पोषण तथा खाद्य सुरक्षा सम्बन्धि स्थानीय स्तरको गोष्ठी, सभा-सम्मेलनमा बहस तथा पैरवी गर्ने ।

ङ) स्थानीय तहभित्र कार्यान्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन, प्रगतिको समीक्षा र उपलब्धिको मूल्याङ्कन गर्ने ।

## १.५. पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन गाउँपालिका तथा नगरपालिका

बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक गाउँपालिका तथा नगरपालिकामा छुट्टाछुट्टै गाउँपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गर्ने व्यवस्था छ ।

| क्रं. सं. | पदाधिकारीहरुको विवरण | समितिमा पद |
|---|---|---|
| १ | नगरपालिका प्रमुख / गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख / गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| ३ | नगरपालिका / गाउँपालिकाका सबै वडाका वडा अध्यक्षहरु | सदस्य |
| ४ | नगरपालिका / गाउँपालिकाका महिला सदस्यहरु मध्ये प्रमुखले तोकेको एक जना | सदस्य |

| क्रं. सं. | पदाधिकारीहरुको विवरण | समितिमा पद |
|---|---|---|
| ५ | नगरपालिका / गाउँपालिकाका दलित महिला सदस्यहरु मध्ये प्रमुखले तोकेको एक जना | सदस्य |
| ६ | पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको लागि संयोजना गर्न तोकिएको संयोजक | सदस्य |
| ७ | सम्बन्धितनगरपालिका / गाउँपालिकाका स्वास्थ्य, कृषि विकास। पशुपन्छी विकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा समाज कल्याण, शिक्षा, सुशासन, अर्थ, संचार, वाणिज्य र आपूर्ति र योजना तथा अभिलेख सम्बन्धी विषयगत ईकाई/निकायका प्रमुख | सदस्य |
| ८ | नगरपालिका / गाउँपालिकाको सामाजिक विकाससम्बन्धी शाखाको कार्यक्रम अधिकृत | सदस्य |
| ९ | नगरपालिका / गाउँपालिकास्तरीय उद्योग तथा वाणिज्य सङ्घको अध्यक्ष | सदस्य |
| १० | नगरपालिका / गाउँपालिकास्तरीय गैरसरकारी संस्था महासंघको अध्यक्ष | सदस्य |
| ११ | नगरपालिका / गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी | सदस्य सचिव |

## नगरपालिका / गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था छ :

- पोषण तथा खाद्य सुरक्षा सम्बन्धी राष्ट्रिय र प्रदेश तहका नीतिहसँग नबाझिने गरी सम्बन्धित नगरपालिका तथा गाउँपालिकास्तरको पोषण तथा खाद्य सुरक्षासम्बन्त्री नीतिहरु तर्जुमा गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको लागि स्रोत पहिचान गरी आवस्यक बजेटको सुनिस्चतता गर्ने ।
- नगरपालिका / गाउँपालिकाको दीर्घकालीन, आवधिक तथा बार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनाअनुसारका कायक्रम समावेश गर्ने र सभामा पेश गर्ने,
- पोषण तथा खाद्य सुरक्षासम्बन्धी राष्ट्रियस्तरको गोष्ठी, सभा-सम्मेलनमा बहु तथा पैरबी गर्ने,
- नगरपालिका तथा गाउँपालिकाभित्रका वडा तहमा गठन हुने पोषण तथा खाद्य सुरक्षासम्बन्त्री समितिको गठन तथा सञ्चालनको लागि आवस्यक निर्देशन दिने र सहजीकरण गर्ने,
- नगरपालिका तथा गाउँपालिकाभित्रका वटातहमा गठन भएका पोषण तथा खाद्य सुरक्षासम्बन्धी समितिबाट सम्पादित कार्यहरुको समिक्षा गर्ने र आवस्यक निर्देशन दिने ।
- स्थानीय तहभित्र कार्यान्वयन गरिएको बहुक्षेत्रीय पोषण योजनाको अनुगमन प्रगतिको समिक्षा र उपलब्धिको मुल्याङ्कन गर्ने, र बहुक्षेत्रीय पोषण योजनासम्बन्धी कार्य प्रगति जिल्ला समन्वय समिति तथा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा नियमित रुपमा पठाउने ।

### १.६. पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठा वडा तहमा

बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने प्रत्येक नगरपालिका तथा गाउँपालिकाको हरेक वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहायबमोजिम गठन गर्ने व्यवस्था छ ।

| सि. नं. | पदाधिकारीहरुको विवरण | समितिमा पद |
|---|---|---|
| १ | नगरपालिकाका / गाउँपालिकाको वडाको अध्यक्ष | अध्यक्ष |
| २ | नगरपालिकाका / गाउँपालिकाको वडाको महिला सदस्य | सदस्य |
| ३ | नगरपालिकाका / गाउँपालिकाको वडाको महिला दलित सदस्य | सदस्य |
| ४ | नगरपालिकाका / गाउँपालिकाको वडामा रहेको स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा समाज कल्याण, शिक्षा, वाणिज्य र आपूर्तिसम्बन्धी विषयगत ईकाई भएमा सोको प्रमुखहरु | सदस्य |
| ५ | नगरपालिका / गाउँपालिकको वडामा रहेका विद्यालयकामहिलाशिक्षकहरु | सदस्य |
| ६ | नगरपालिका /गाउँपालिकाको वडामा कार्यरत गैरसरकारी संघ-संस्थाको प्रतिनिधिएकजना | सदस्य |
| ७ | नगरपालिका / गाउँपालिकाको वडाको नागरिक मञ्चको संयोजक | सदस्य |
| ८ | नगरपालिका / गाउँपालिकाको वडाको महिला स्वास्थ्य स्वयंसेविकाएकजना | सदस्य |
| ९ | नगरपालिका / गाउँपालिकाको वडा भित्रका विद्यालय व्यवस्थापन समितिको सदस्य एक जना | सदस्य |
| १० | नगरपालिका/गाउँपालिकाको वडा भित्रका स्वास्थ्य सेवा व्यवस्थापन समितिको सदस्य एक जना | सदस्य |
| ११ | नगरपालिका / गाउँपालिकाको सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

### नगरपालिका/गाउँपालिकाको वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था छ :

- आफ्नो वडामा सहभागितामूलक पद्धतीबाट पोषणसम्बन्धी कार्यक्रमहरुको पहिचान गरि त्यस्ता कार्यक्रमहरु सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सभामा पेश गर्ने ।
- वडामा पोषण लक्षित समुदायको पहिचान गर्ने र वडा समितिलाई सहयोग गर्ने ।
- पोषण लक्षित समुदायको आवस्यकता पहिचान गर्ने र उनिहरुको सहभागितामा कार्यक्रमको प्रथमिकिकरण गर्न सहयोग गर्ने ।

- पोषण सम्बन्धि लक्षित र संवेदनशिल क्षेत्रमा विभिन्न अभियान संचालन गर्न समुदायको परिचालन गर्ने, र
- गैरसरकारी संस्था तथा अन्य निकायबाट वडामा सञ्चालित पोषण कार्यक्रम अनुगमन गर्ने र प्रतिवेदन वडामा पेश गर्ने ।

### १.७. बहुक्षेत्रीय पोषण योजनाको अभिमूखिकरण तालिम, पैरवी, सामाजिक परिचालन तथा अन्य

## अनुगमन तथा सुपरिवेक्षण

### १.८.अनुगमन तथा सुपरिवेक्षण संरचना

बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको गुण्स्तरीयता सुनीस्चीत गर्नका लागि सँचालन भएका कार्यक्रम तथा क्रियाकलापहरुको समय समयमा अनुगमन तथा कार्याक्रम तथा क्रियाकलाप भईरहेको समयमा सुपरिवेक्षण गर्ने कार्य नियमिति रुपमा हुँदै आईरहेकोछ । यसमा केन्द्र तथा प्रदेश सरकार तथा दातृ निकायबाट समय समयमा अनुगमन गर्ने कार्य भईरहेकोछ । बहुक्षेत्रीय पोषण योजना दोस्रोले लिइको लक्ष्यहरु निम्नुसार छ ।

- पाँच वर्षमुनिका बालबालिकामध्ये पुड्कोपन हुनेको प्रतिशत ३५.८ बाट २८ भन्दा कम भएको हुनेछ ।
- ५ वर्ष मुनिका बालबालिकामा ख्याउटेपन हुनेको प्रतिशत ९.७ बाट ७ भन्दा कम भएको हुनेछ ।
- जन्मदा कमतौल भएको बच्चाको अनुपात प्रतिशत २४ बाट १० भन्दा कम भएको हुनेछ ।
- ५ वर्ष मुनिका बालबालिकाको अधिक तौल र मोटोपना प्रतिशत २.१ बाट १.४ भन्दा कम भएको हुनेछ ।
- महिलाहरुमा दीर्घ शक्तिको कमी (Chronic Energy Deficiency) हुनेको प्रतिशत (BMI) को रुपमा मापन हुने) १७ बाट १२ भन्दा तल हुनेछ ।
- प्राथमिक तथा आधारभुत स्कूल शिक्षा पुरा गर्ने  बालबालिका  तथा किशोर किशोरीको प्रतिशत  बढेको हुनेछ ।

### १.९. नियमिति तथा संयुक्त अनुगमन

नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुबाट नियमित रुपमा र सरोकारवाला निकायहरुको उपश्थितिमा संयुक्त अनुगमन गर्ने कार्य भईरहेको छ । अनुगमन पश्च्यात अनुगमन टोलीले अनुगमनमा देखिएका कमि कमजोरी, राम्रा पक्ष आदिको एकिकृत प्रतिवेदन तयार गरि नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई बभ्काउने व्यवस्था रहेकोछ ।

### १.१०.तेस्रो पक्षबाट अनुगमन

बहुक्षेत्रीय पोषण योजनाले लिएको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि नेपाल सरकार तथा दातृ निकायबाट तेस्रो पक्ष अनुगमनको व्यवस्था हुने गर्दछ ।

### १.११. स्थानीय तह, जिल्ला र केन्द्र तहबाट अनुगमन तथा सुपरिवेक्षण

बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको गुणस्तरीयता सुनीस्चीत गर्नका लागि सँचालन भएका कार्यक्रम तथा क्रियाकलापहरुको समय समयमा अनुगमन तथा कार्याक्रम तथा क्रियाकलाप भईरहेको समयमा सुपरिवेक्षण गर्ने कार्य नियमिति रुपमा हुँदै आईरहेकोछ । यसमा केन्द्र तथा प्रदेश सरकार, दातृ निकाय तथा स्थानीय तहबाट समेत समय समयमा अनुगमन गर्ने कार्य भईरहेकोछ ।

### १.१२. अनुगमन checklist, tools

जिल्ला समन्वय समितिबाट अनुगमन गर्ने चेक लिष्ट अनुसुचिमा (१) राखिएको छ

### १.१३. नगरपालिका तथा गाउँपालिकाबाट अनुगमन गर्ने अनुमन फर्म्याट

नगरपालकि स्तरबाट अनुगमन निरिक्षण गर्ने फारम अनुसुचीमा (२) राखिएको छ

## केन्द्रबाट प्रदेश तथा स्थानीय स्तरबाट बहुक्षेत्रीय पोषण योजनाको लागि बजेट व्यवस्थापनको व्यवस्थापन

| क्रं. सं. | केन्द्रीय जम्मा बजेट हजारमा | बजेट श्रोत | | पहिलो चौमासीक | | दोस्रो चौमासीक | | तेस्रो चौमासीक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | GoN | UNICEF | GoN | UNICEF | GoN | UNICEF | GoN | UNICEF |
| १ | 1562 | 281 | 1281 | 281 | 0 | 0 | 1025 | | 256 |

| क्रं. सं. | प्रादिशक बजेट जम्मा रू. हजार मा | बजेट श्रोत | पहिलो चौमासीक | दोस्रो चौमासीक | तेस्रो चौमासीक |
|---|---|---|---|---|---|
| १ | | | | | |

| क्रं. सं. | स्थानीय तहबाट छुट्याईएको बजेट जम्मा रू. हजार मा | बजेट श्रोत | पहिलो चौमासीक | दोस्रो चौमासीक | तेस्रो चौमासीक |
|---|---|---|---|---|---|
| १ | | | | | |

## कुपोषण घटाउने रणनीतिक कार्यक्रम तथा निर्णयहरु

आगामी आ.ब. २०७५/०७६ को लागि यस छायाँनाथ रारा नगरपालिका मुगुले बहु क्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वयनको लागि निम्न नीति तथा कार्यक्रममा जोड दिने छ :

- यस नगरपालिकामा  महिला, किशोरी र बालबालिका तथा विशेष गरि सुनौला एक हजार दिनका आमा तथा बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहु क्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ  कार्यान्वयन गरिनेछ । नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना अन्तरगतका क्रियाकलापहरुको कार्यान्वयनलाई यस छायाँनाथ रारा नगरपालिका मुगुले उच्च प्राथमिकतामा राख्ने छ । सोही अनुरुप आ.ब.को २०७५/०७६ को लागि नेपाल सरकारबाट प्राप्त हुने रु. १५ लाख ६२ हजार बजेटलाई क्षेत्र गत बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरीने छ ।
- बहुक्षेत्रीय पोषण योजना दोस्रोले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र पोषण सम्बेदनशिल क्रियाकलाहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।
- नगरपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुले नगरभित्र सञ्चालन गरेका क्रियाकलापहरुको विवरण राख्नका लागि नगरपालिकामा विद्यमान रहेको पोषण रजिष्टिरलाई निरन्तरता दिईनेछ । साथै पोषण रजिष्टरमा पोषणका गतिविधिहरु समावेश भएको सुनिश्चित गरिने छ ।
- एक घर एक करेसाबारीको अवधारणा अनुरुप सबै घरधुरीमा करेसाबारी निर्माण भई नियमित रुपमा मौसम अनुसारका ताजा पोषिलो तरकारी उपलब्धताको लागि आवस्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिकामा रहेको पोषण डेष्कलाई व्यवस्थित गरिनेछ साथै पोषणका सेवाहरु प्रभावकारी रुपमा प्रवाह गरिनेछ । साथै नगरपालिकाको नागरिक वडापत्रमा पोषणका सेवाहरु समावेस गरिनेछ ।
- नगरपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै आवस्यकता अनुसार आ.व. २०७४/०७५ मा तयार गरिएको पोषण पार्श्व चित्रलाई आवस्यकता अनुसार अद्यावधिक गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यान्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सबै वार्डहरुमा गठन गरी बहु क्षेत्रीय पोषण योजनालाई मुलप्रवाहीकरण गरिनेछ ।
- पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्रारुप सहित स्थानीय योजना तर्जुमा प्रक्रिया र योजनाहरुमा पोषणलाई समाहित गरिनेछ ।

- हालै सम्पन्न विश्वब्यापी एवम् नेपालको प्रमाण समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृत्तिमा कमि ल्याउन हाल उपलब्ध गराँउदै आएको बाल नगद अनुदानको साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्न आउने आमालाई पोषण भत्ता उपलब्ध गराईनेछ ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता कुसंस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिनेछ ।
- यस बर्ष बहुक्षेत्रीय पोषण योजनालाई नगरपालिकाको १४ वटै वडाहरुमा बिस्तार गरि कार्यान्वयन गरिने छ ।
- स्वस्थ, सफा र पुर्ण पोषणयुक्त घर, गाउ र वडा अभियान सञ्चालन गर्दै आगामी ५ बर्ष भित्र यस छायाँनाथ रारा नगरपलिकालाई कुपोषणमुक्त भएको घोषणा गर्नका लागि आवस्यक पहल गरिनेछ ।
- सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

## अनुसूची